## कार्यकारी समितिको (मिति २०७४।०१।२६ गते मंगलबार) ६३ औं बैठकका निर्णयहरु

१. मुलुक संघीय संरचनाको कार्यान्वयनको चरणमा रहेकोले सोही व्यवस्था अनुरुप हुने गरी साथै राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई छिटो छरितो कार्यमुलक संगठन संरचना बनाउन संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण गर्ने ।

२. जोखिमयुक्त बस्ती सम्बन्धी भौगर्भिक प्रारम्भिक अध्ययन प्रतिवेदन प्राप्त भई छलफल भयो । विस्तृत अध्ययन प्रतिवेदन तुरुन्त पेश गर्ने व्यवस्था मिलाउने ।

३. गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधी,२०७२ दफा (९) बमोजिम सिफारिश भई आएका संलग्न भए बमोजिमको पुनर्निर्माण सम्बन्धी परियोजना स्वीकृत गर्ने । साथै उल्लेखित योजनाहरु निर्माण गर्दा पुनर्निर्माण सम्बन्धी स्वीकृत मापदण्ड अनुसार गर्ने शर्त पालना गर्न लगाउने।

| क्र. सं. | संस्थाको नाम | आयोजना कार्यान्वन हुने स्थान | परियोजनाको प्रकृति | बजेट | | | परियोजना अवधि | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रशासनिक | कार्यक्रम | जम्मा | | |
| १. | Kam For Sustainable Development | सैपु-७, रामेछाप | ७ कोठे विद्यालय भवन र शौचालय तथा खानेपानी | ३१,७०,०००।- १९.५% | १,३१,१३,८००।- ८०.५% | १,६२,८३,९००।- | जुलाई २०१८ | |
| २. | Fore Nepal | दुबाचौर-४, सिन्धुपाल्चोक | ६ कोठे भएको दुईतले स्वास्थ्य चौकी भवन | २१,११,७५५।- १४% | १,२६,४८,५८७।- ८६% | १,४७,६०,३४२।- | 2074 श्रावण | |
| ३. | Dan Church Aid | भक्तपुर, धादिङ्ग, ललितपुर र गोरखा | WASH, Livelihood and DRR | १७,३३,३२१।- ८% | १७,४२,९०,५३५।- ९२% | १९,००,२३,८५६।- | २ वर्ष | |
| ४. | Dan Church Aid | धादिङ्ग र मकवानपुर | WASH and Mason Training | १,७६,६२,६७०।- १५% | १०,३३,३७,३२८।- ८५% | १२,१०,००,०००।- | एक वर्ष | |
| ५. | Nepal Rises | सिन्धुपाल्चोक | २ वटा विद्यालय भवन १२ कक्षाकोठा र शौचालय | ३६,००,४८०।- १३% | २,३८,४३,५६०।- ८७% | २,७४,४४,०४०।- | डिसेम्बर २०१७ | |
| ६. | Shangrila Development Association | साविक कालिकाटार र भार्ता गा.वि.स. मकवानपुर | २/२ वटा कक्षाकोठा भएका ३ वटा विद्यालय भवन | ५,४७,०००।- ६% | ८८,२५,७६६।- ९४% | ९३,७२,७६६।- | एक वर्ष | |
| ७. | TDH Germany | ककनी, थानापति र समुन्द्रदेवी गा.वि.स. नुवाकोट | ३ वटा विद्यालय भवन जम्मा २४ कक्षाकोठा | २८,०४,३००।- ९% | २,८०,७४,८१२।- ९१% | ३,०८,७९,११२।- | डिसेम्बर २०१९ | |
| ८. | Action Aid Nepal | सिन्धुपाल्चोक, दोलखा, रसुवा, काभ्रे, ललितपुर, काठमाडौं र मकवानपुर | १० सामुदायिक विद्यालय पुनर्निर्माण ६१ कक्षाकोठा | १०,७९,४१,०७७।- १९% | ४६,१६,४२,३७१।- ८१% | ५६,९५,८३,४४८।- | डिसेम्बर २०१७ | |
| ९. | Plan International | रानीचुरी-५, सिन्धुली | २ कोठे विद्यालय भवन निर्माण | २,०६,४२२।- ५% | ४०,००,०००।- ८१% | ४२,०६,४२२।- | फेब्रुअरी २०१८ | |
| १०. | Child Fund Japan | रामेछाप र सिन्धुली | ८ वटा विद्यालमा ४० वटा कक्षाकोठा | ० | ६,२५,१६,९१५।- १००% | ६,२५,१६,९१५।- | डिसेम्बर २०१७ | |
| ११. | Swiss Contact | सिन्धुली | Skill for safe Reconstruction | १९,००,०००।- १९% | ८१,००,०००।- ८१% | १,००,००,०००।- | एक वर्ष | |
| १२. | HELP | भेटांग र इचोक | २ वटा विद्यलय पुनर्निर्माण जम्मा १५ | १८,००,०००।- ९.९०% | १,८०,००,०००।- ९०.१०% | १,९८,००,०००।- | २०७५ बैशाख | |

सचिव

| क्र. सं. | संस्थाको नाम | आयोजना कार्यान्वन हुने स्थान | परियोजनाको प्रकृति | बजेट | | | परियोजना अवधि | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रशासनिक | कार्यक्रम | जम्मा | | |
| | | | कक्षाकोठा | | | | | |
| १३. | Nepal Jesuit Society | धादिङ्ग र काभ्रे | २ वटा विद्यालय भवन निर्माण | २२,१८,३६०।- १२% | १,६२,६७,९८०।- ८८% | १,८४,८६,३४०।- | एक वर्ष | |
| १४. | Love Green Nepal | मनिखेल र ललितपुर | २ वटा विद्यालयमा ८ वटा कक्षाकोठा निर्माण गर्ने । | १२,३३,७५७।- १४.५९% | ७२,२१,४९४।- ८५.४१% | ८४,५५,२५०।- | एक वर्ष | |
| १५. | Phase Nepal | सिन्धुपाल्चोक | विद्यालय भवन निर्माण | ७७,२६,०६१।- ९% | ७,९२,८९,२९१.५।- ९१% | ८,७०,१५,३५२.५। - | ३१ मार्च २०१९ | |
| १६. | American Nepal Medical Foundation | सिन्धुपाल्चोक | सिन्धुपाल्चोक जिल्लामा जिल्ला अस्पतालमा आकस्मिक कक्ष बनाउन सहयोग | ३६०००।- ०.५% | ७१३४०००।- ९९.५% | ७१,७०,०००।- | ३ महिना | |
| १७. | Handicap International | साविक भुम्लुटार र सापिङ्ग गा.वि.स. काभ्रे | Cash for work and livelihood support | १,०४,१४,५९७।- १४% | ६,५२,१२,२५०।- ८६% | ७,५६,२६,८४७।- | एक वर्ष | |
| १८. | Choice Humanitarian | थाहा नगरपालिका-८ पालङ्ग, मकवानपुर | स्वास्थ्य चौकी भवन निर्माण | ९,००,०००।- ८.१८।००% | १,१०,००,०००।- ९१.८२% | १,१९,००,०००।- | एक वर्ष | |
| १९. | Sweta Shree Foundation | सिन्धुपाल्चोक, ठुलोसिरुवारी-९, माझी वस्ती | ५६ वटा आवास निर्माण, सडक,चर्पी, बाग बगैँचा, सामुदायिक भवन, होम स्टे सहित | ४७,२४,०००।- ८% | ५,३०,६०,०००।०० ९२% | ५,७७,८४,०००।- | ०७५ बैशाख सम्म | |
| २०. | Dhulikhel Hospital | पाँचपोखरी थाङपाल गाउँपालिका, थाङपाङकोट-४ | ५० हजार बराबरको भौतिक निर्माण सामग्री सहयोग (८६x५००००) | | | ४३,००,०००।- | एक वर्ष | |

४. Post Disaster Recovery Framework को प्रभावकारी कार्यान्वयनका लागि PDRF Action Plan तयार गर्ने सन्दर्भमा हालसम्म विभिन्न सम्बन्धित मन्त्रालयबाट प्राप्त कार्ययोजनाहरु छलफल गरियो । प्राप्त भएका कार्ययोजनालाई प्राथमिकता, सान्दर्भिकता साथै उपयुक्तता समेतको आधारमा समावेश गरी Thematic Group ले अन्तिम रुप दिई एकीकृत कार्ययोजना तयार गर्ने ।

५. राष्ट्रिय पुनर्निमाण प्राधिकरणका पदाधिकारीहरु विभिन्न कार्यक्रम सहभागी भए/अनुगमन पश्चात प्रतिवेदन पेश गर्ने/छलफल गर्ने। अनुगमनबाट प्राप्त समस्या पहिचान तथा सुझाव कार्यान्वयन हुने व्यवस्थाका अतिरिक्त Institutional Memory रहने व्यवस्था मिलाउने । साथै प्रत्येक महिना प्रगति जानकारी गराउने तथा छलफल गर्ने व्यवस्था मिलाउने ।

६. Staff Meeting हरेक महिनाको पहिलो आइतबार बस्ने । CLPIU हरुको बैठकलाई व्यवस्थित गर्ने ।

७. सरकारले आफ्नो जग्गा नभई सार्वजनिक, वन क्षेत्र र सरकारी जग्गामा बसेका तथा जोखिमयुक्त स्थानबाट सुरक्षित ठाउँमा सर्न चाहने भूकम्प पीडितलाई घडेरी खरिद गर्न अनुदान स्वरुप उपलब्ध गराईने २ लाख वितरण गर्ने नेपाल सरकार (मन्त्रिपरिषद्) बैठकले प्राधिकरणद्वारा प्रस्तावित '**भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण पहिलो संशोधन कार्यविधि २०७४,** लाई स्वीकृत गर्ने निर्णय गरेकोले उक्त २ लाख वितरण गर्ने सम्बन्धमा मापदण्ड तयार गरी सिफारिश गर्न देहाय बमोजिम कार्यटोलीलाई जिम्मेवारी दिने ।

सचिव

१. कार्यकारी समिति सदस्य - ध्रुव शर्मा - संयोजक
२. सह-सचिव जनार्दन गुरागाँई - सदस्य
३. सह-सचिव प्रकाश थापा - सदस्य
४. प्रतिनिधि (CLPIU-MoUD) - सदस्य
५. उप-सचिव भीम प्रसाद रेग्मी - सदस्य
६. उप-सचिव कमल घिमिरे - सदस्य सचिव

८. भूकम्पबाट घर क्षति भई लाभग्राही सूचीमा परेका लाभग्राहीहरुलाई २०७४ जेठ ३१ गते सम्म प्राधिकरणले तोकिएको प्रक्रिया पुरा गरी दोश्रो किस्ता अनुदान लिई सक्न सम्बन्धित पक्षलाई जानकारी गराउन सूचना प्रकाशित गर्ने ।

९. जिल्ला स्तरमा भएका पुननिर्माणको कार्यमा देखिएका समस्या पहिचान गरि समाधानका सुझावहरु समेत दिन भूकम्पबाट प्रभावित विभिन्न जिल्लाहरुमा प्रमुख कार्यकारी अधिकृत, कार्यकारी समिति सदस्य र सचिव को नेतृत्व मा अनुगमन टोली खटाउने ।

१०. विभिन्न विकास साझेदारहरुबाट प्राप्त सहायता परिचालनको लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा गठन भएका Steering Committee मा विषय अनुसार सम्बन्धित महाशाखाको प्रमुख/प्रतिनिधिहरु थप गर्ने ।

११. **विविध ।**

क. भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ को दफा १४(४), १४(५) बमोजिम प्राधिकरणलाई आवश्यक पर्ने विभिन्न विषयसँग सम्बन्धित विशेषज्ञहरुको तीन महिना अवधि सम्मको नियुक्ति प्रमुख कार्यकारी अधिकृतबाट गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्ने ।

ख. नेपाल सरकारबाट प्राधिकरणमा खटिएका कर्मचारीहरुलाई उपलब्ध गराउँदै आएको प्रोत्साहन भत्ताको सूचकमा प्राधिकरणको कामको सिलसिलामा काजमा (अन्तरदेशीय/अन्तर्राष्ट्रिय) खटिएको कर्मचारीहरुको हकमा काज अवधिभर प्रत्येक दिन अतिरिक्त दुई घण्टा समय काम गरेको मानिने गरी सूचकाङ्क परिवर्तन गर्ने ।

ग. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तर्गत सञ्चालित विभिन्न आयोजनाहरुको मासिक प्रगति विवरण प्राधिकरणका सचिवले प्रत्येक महिनाको शुरुमा बस्ने कार्यकारी समितिको बैठकमा पेश गर्ने व्यवस्था गर्ने ।

घ. कार्यकारी समितिको मिति २०७४।१।१७ को बैठकको निर्णय नं. ५ बाट प्रचीन बस्तीहरुको सम्पदा संरक्षण तथा व्यवस्थापनको लागि कार्यकारी समितिका सदस्य श्री ध्रुव प्रसाद शर्माको अध्यक्षतामा गठित कार्यटोलीमा रहेका सह-सचिव श्री द्वारिक श्रेष्ठको काज फिर्ता हुनु भएकोले वहाँको सट्टामा सह-सचिव श्री जनार्दन गुरागाईं र सदस्य सचिव तोकिएका सम्पदा संरक्षण शाखाको प्रमुखको बदलामा सम्पदा संरक्षण शाखाका पुरातत्व अधिकृतलाई सदस्य सचिव तोक्ने गरी कार्यटोलीको पुनर्गठन गर्ने । साथै कार्यटोलीलाई आवश्यकता अनुसार अन्य पदाधिकारी वा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने गरी अधिकार दिने ।

सचिव